आज मिति २०८१ साल असार ..१०..... गते " दिगो विकास, अनुपम संस्कृति, उन्नत पर्यटन, समृद्ध चुमनुब्री " को दिर्घकालिन सोचका साथ चुमनुब्री गाउँपालिकाको पन्ध्रौं गाउँसभा चुमनुब्री गाउँपालिकाका अध्यक्ष श्री निमा लामा ज्यूको अध्यक्षतामा सम्पन्न गरियो ।

उपस्थिति :

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | निमा लामा | |
| २ | उपाध्यक्ष | लक्ष्मी गुरुङ | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | कर्मा छेवाङ लामा | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | मिङ्ग्युर दोर्जे लामा | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | राम कुमार गुरुङ | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | पेमा ग्यलपो लामा | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | कालेन छेवाङ | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | सरोज लामा | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | टसी दोर्जे लामा | |
| १० | सदस्य कार्यपालिका | रुवेश घले | |
| ११ | सदस्य कार्यपालिका | गणेश विश्वकर्मा | |
| १२ | सदस्य कार्यपालिका | कुन्छोक डोल्मा लामा | |
| १३ | सदस्य कार्यपालिका | सुनाम साङमो | |
| १४ | सदस्य कार्यपालिका | ढोलमा लामा | |
| १५ | सदस्य कार्यपालिका | छिरिङ भुटी लामा | |
| १६ | सदस्य वडा नं १ | दिक्षिण डोमा लामा | |
| १७ | सदस्य वडा नं १ | कर्मा साम्डु लामा | |
| १८ | सदस्य वडा नं १ | पासाङ लामा | |
| १९ | सदस्य वडा नं २ | धावा साङ्मो लामा | |
| २० | सदस्य वडा नं २ | छिरिङ छिम्बुल लामा | |
| २२ | सदस्य वडा नं २ | पेम्बा छिरिङ लामा | |
| २३ | सदस्य वडा नं. २ | लाक्पा डिकी वि.क. | |
| २४ | सदस्य वडा नं ३ | लाङमा गुरुङ | |
| २५ | सदस्य वडा नं ३ | कान्छा गुरुङ | |
| २६ | सदस्य वडा नं ३ | जिवन गुरुङ | |
| २७ | सदस्य वडा नं ३ | फुतानी कमिनी | |
| २८ | सदस्य वडा नं ४ | सोनाम छिरिङ लामा | |

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| २९ | सदस्य वडा नं ४ | फुर्प ठिले लामा | |
| ३० | सदस्य वडा नं ५ | तान्जेन नुर्पु गुरुङ | |
| ३१ | सदस्य वडा नं ५ | खामसुङ दोर्जे | |
| ३२ | सदस्य वडा नं ६ | सोनाम लामा | |
| ३३ | सदस्य वडा नं ६ | ठिन्ले घ्याम्छो लामा | |
| ३४ | सदस्य वडा नं ७ | छेतेन छुम्बेल लामा | |
| ३५ | सदस्य वडा नं ७ | छेतेन लुण्डुप लामा | |
| ३६ | सदस्य सचिव | मनोज लामिछाने | |

अन्य उपस्थिति :

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अधिकृत सातौँ लेखा | गिरिजा प्रसाद रिजाल | |
| २ | अधिकृत छैटौँ प्रशासन | गणेश भक्त त्रिपाठी | |
| ३ | जनस्वास्थ्य निरीक्षक | प्रेम गुरुङ | |
| ४ | अधिकृत छैटौँ प्रशासन | वेद प्रकाश ढकाल | |
| ५ | कार्यालय प्रमुख/प्रतिनिधि | राम प्रसाद शर्मा | |
| ६ | कार्यालय प्रमुख/प्रतिनिधि | सुदिप प्र. अधिकारी | |
| ७ | कार्यालय प्रमुख/प्रतिनिधि | रवि शंकर यादव | |
| ८ | कार्यालय प्रमुख/प्रतिनिधि | भुवनराज ओझा | |
| ९ | सहायक स्तर पाचौं लेखापाल | दिपक चन्द | |
| १० | सहायक स्तर पाचौं क.अ. | सन्दीप रेग्मी | |
| ११ | शिक्षा शाखा प्रमुख | बासुदेव वली | |
| १२ | असिष्टेन्ट सब इन्जिनियर | पवन कुमार शाह | |
| १३ | कृषि शाखा प्रमुख | अशोक जोशी | |
| १४ | पशु शाखा प्रमुख | विशाल वि.सी. | |
| १५ | MIS अपरेटर | कुसुम गुरुङ | |
| १६ | रोजगार संयोजक | लक्ष्मण गुरुङ | |
| १७ | फिल्ड सहायक | सुजता गुरुङ | |
| १८ | उद्यम विकास सहजकर्ता | रमेश ओड | |
| १९ | उद्यम विकास सहजकर्ता | पुष्कर प्रकाश टमटा | |
| २० | रोजगार सहायक | सेराप गुरुङ | |

चुमनुब्री गाउँसभा १५ औं अधिवेशन मिति : २०८१।०३।१० गते ।

<u>मिति २०८१।०३।१० गतेको सभाका प्रस्तावहरू</u>

१. आ.व.२०८१।८२ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।

२. खर्च अनुमोदन सम्बन्धमा ।

३. करार सम्झौता सम्बन्धमा ।

४. म.ले.प प्रतिवेदन अनुमोदन सम्बन्धमा ।

५. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।

६. ऐन, नीति, नियमावली, कार्यविधि तथा निर्देशिका सम्बन्धमा ।

७. कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

८. धन्यवाद सम्बन्धमा ।

निर्णयहरू:

१. प्रस्ताव नं १ उपर छलफल गर्दा मिति २०८१।०३।०८ को कार्यपालिका निर्णयबाट स्विकृत भई यस सभामा पेश भएका चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को बार्षिक बजेट (राजश्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान, बजेटको आकारमा:चालु तर्फ कुल २४ करोड ९६ लाख ५६ हजार ४ सय मात्र, पुंजीगत तर्फ १५ करोड ७० लाख ४० हजार गरी कुल ४० करोड ६६ लाख ९६ हजार ४ सय मात्रको), वार्षिक विकास कार्यक्रम, मध्यकालिन खर्च संरचना, आर्थिक ऐन २०८१ र विनियोजन ऐन २०८१ लाई छलफल गरी सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ मा भएको चालू तथा पुँजिगत लगायत सम्पुर्ण खर्चहरूलाई यस गाउँसभाबाट सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा यस चुमनुब्री गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरूमा हाल करार सेवामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन मुल्यांकनको आधारमा पालिकाको आन्तरिक स्रोत तथा प्राप्त हुने अनुदानको आकारलाई मध्येनजर गर्दै आर्थिक वर्ष २०८१।८२ को लागि करार अवधि थप गर्ने सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

| सि नं | नामथर | पद/श्रेणी/तह | कार्यरत शाखा | करार सेवा नविकरण | कै |
|---|---|---|---|---|---|
| १ | लक्ष्मण गुरूङ | रोजगार संयोजक/सहायक पाँचौ | रोजगार सेवा केन्द्र | गर्ने | |

निमा ~~लामा~~
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | सोनी गुरूङ | का स प्रथम स्तर | स्वास्थ्य शाखा वा अन्तर्गत | गर्ने | |
| ३० | सुपना गुरूङ | का स प्रथम स्तर | गाउँपालिका | गर्ने | |
| ३१ | सुमन गुरूङ | अ स ई/सहायक चौथो | गाउँपालिका | गर्ने | स्थायी पदपुर्ती नहुन्जेल |
| ३२ | रमेश ओड | सहायक चौथो | उद्यम विकास शाखा | गर्ने | |
| ३३ | पुष्कर प्रकाश टमाटा | सहायक चौथो | उद्यम विकास शाखा | गर्ने | |
| ३४ | काजी घले | सहायक चौथो/स्वकिय सचिव | अध्यक्षको सचिवालय | गर्ने | |
| ३५ | खोलमान गुरूङ | सहायक चौथो | पशु सेवा शाखा | नगर्ने | शर्सत अनुदानबाट तलबभत्ता अपुग निकासा भएको। |
| ३६ | नसिभ पोखरले | सहायक चौथो | पशु सेवा शाखा | नगर्ने | ऐ ऐ |
| ३७ | सुजन दवाडी | सहायक चौथो | पशु सेवा शाखा | नगर्ने | ऐ ऐ |
| ३८ | ईमान गुरूङ | सहायक चौथो | कृषि विकास शाखा | नगर्ने | |
| ३९ | तुलविर गुरूङ | ह स चा | एम्बुलेन्स चालक | गर्ने | |
| ४० | बुधमान गुरूङ | हे स चा | ऐक्साभेटर चालक | नगर्ने | कार्यसम्पादन सन्तोषजनक नभएको। |

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा यस चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को अन्तिम लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो र यस प्रतिवेदनमा औल्याईएका बेरूजू तथा अनियमितताको रकमलाई समय मै असुली तथा फर्छौट सहित सम्परिक्षण गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को म ले प को अन्तिम प्रतिवेदनबाट औल्याईएका बेरूजूहरूको सन्दर्भमा चुमनुब्री गाउँपालिकाको लेखा समितिले दफाबार रूपमा छलफल गरी बेरूजू सम्परिक्षण गर्न गाउँसभामा पेश गरेको प्रतिवेदनलाई अनुमोदन गरी

निमा लामा
अध्यक्ष

सो प्रतिवेदनमा फर्छ्यौट तथा सम्परिक्षण गर्न सिफारिस गरीएका बेरूजुहरूको सम्परिक्षण गरी बेरूजू लगत कट्टा गरिदिन महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

६.प्रस्ताव नं ६ उपर छलफल गर्दा आ.व.२०८०।८१ मा चुमनुब्री गाउँ कार्यपालिका निर्णय बाट स्विकृत भएका सम्पूर्ण निर्देशिका, कार्यविधि तथा मापदण्डहरूलाई सर्वसम्मतले अनुमोदन गर्दै यस सभामा पेश भएको तपशिल बमोजिमका नीति, ऐनलाई सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरीयो।

क. चुमनुब्री गाउँपालिकाको फोहोरमैला व्यवस्थापन नीति २०८१

ख. चुमनुब्री गाउँपालिकाको भवन आचारसंहिता २०८१ (राष्ट्रिय भवन आचारसंहितालाई पारित गर्ने)

ग. चुमनुब्री गाउँपालिकाको समानुपातिक सहभागिता सम्बन्धी नीति २०८१

घ. चुमनुब्री गाउँपालिकाको विपद् व्यवस्थापन ऐन २०८१

ङ. चुमनुब्री गाउँपालिकाको वातावरणमैत्री स्थानीय नीति २०८१

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा यस गाउँपालिकाको कार्यसम्पादन नियमित गर्न प्रचलित कानुनको अधिनमा रहि आ व २०८१।८२ को लागि यस सभालाई भएका तपशिलका अधिकारहरू गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

- गाउँपालिकालाई प्राप्त हुने केन्द्रिय अनुदान लगायतका अन्य स्रोतहरू र सन्चित कोष अन्तर्गतको पुंजीगत खर्च तथा कार्यक्रमहरूमा विनियोजित रकम अनुसार योजना छनौट, संशोधन एवं वार्षिक कार्यक्रम स्वीकृत गर्ने।
- गाउँपालिका अन्तर्गतका अन्य कार्यक्रम तथा आयोजनाहरूको कार्यक्रम संशोधन तथा परिमार्जन गर्ने।
- गाउँपालिका अन्तर्गत चालू र पुंजीगत खर्चको विनियोजित रकम सम्बन्धित क्षेत्र (Line Item) मा प्रदान गर्न स्वीकृत गर्ने।
- गाउँपालिकाबाट लगाईने कर, दस्तुर शुल्क तथा विक्री आदिको दर र ठेक्का अंक रकम स्वीकृत,संशोधन तथा परिमार्जन गर्ने।
- नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू बनाई स्विकृत गर्ने।
- समपुरक कोष, विपद् व्यवस्थापन कोष, मर्मत सम्भार कोष तथा पछि थप हुने यस्तै प्रकृतिका अन्य कोषको समेत सञ्चालन तथा कार्यान्वयन गर्ने।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका गाउँसभाको १५ अधिवेशन सफल रूपमा सम्पन्न गराउन सहयोग पुर्याउने सम्पुर्ण सभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पुर्ण कर्मचारीहरू, सम्पुर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, सञ्चारकर्मी, सुरक्षाकर्मी लगायत सम्पुर्ण गाउँपालिकाबासीमा हार्दिक धन्यवाद व्यक्त गर्दै गाउँसभाको १५ औं अधिवेशन अन्त्य गर्ने निर्णय गरियो।

निमा लामा
अध्यक्ष